# इलाम नगरपालिका
# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः १ मितिः २०८०/०६/१८

**भाग-२**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, सार्वजनिक खरिद नियमावली, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिका
## सार्वजनिक खरिद नियमावली, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०६/१८**
**प्रमाणीकरण मितिः २०८०/०६/१८**

**प्रस्तावनाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ (३) बमोजिम इलाम नगरपालिकाको सम्पूर्ण सार्वजनिक खरिद कार्यहरु नेपाल सरकारले जारी गरेको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन भएको हकमा संशोधित व्यवस्था समेत) का आधारमा बमोजिम हुने । सार्वजनिक खरिद नियमावली, २०६४ का निम्न नियमहरुमा व्यवस्था गरिएका निम्न परिभाषाहरुलाई इलाम नगरपालिकाको हकमा थप परिभाषा गरि लागु गर्न बाञ्छनीय भएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि इलाम नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० स्वीकृत गरिएको छ ।

१. यो नियमावली नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. "सचिव" भन्नाले नगर सभाको सचिव/ प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**३. इलाम नगरपालिकाको हकमा देहायका परिभाषाहरु समावेश गरिएको छ,**

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस उल्लेखित नियमावली बमोजिम खरिद सम्वन्धी कार्य स्वीकृत गर्ने अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले इलाम नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) “एक तह माथिको अधिकारी” भन्नाले वडा सचिव वा महाशाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख, नगरपालिकाको प्रमुखको हकमा नगर कार्यपालिका र नगरकार्यपालिकाको हकमा नगर सभा सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ङ) “कार्यालय” भन्नाले इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(च) “कार्यालय प्रमुख” भन्नाले इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) “कोष” भन्नाले इलाम नगरपालिकाको स्थानीय सञ्चित कोष सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम स्थापना भएका अन्य स्थानीय कोषलाई समेत जनाउँदछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत वा सो कार्य गर्न तोकिएको अधिकार प्राप्त कर्मचारीलाई सम्झनुपर्दछ ।

(झ) “विभागीय प्रमूख” भन्नाले इलाम नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) “सार्वजनिक निकायको प्रमुख” भन्नाले इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ट) “सार्वजनिक निकाय” भन्नाले इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वडा कार्यालय इलाम नगरपालिका अन्तर्गत नगरपालिकाको आंशिक वा पूर्ण लगानीमा सन्चालित अन्य समिति संघ संस्था वा निकायहरु सम्झनुपर्छ ।

**आज्ञाले**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत